आज मिति २०७७/०६/०५ गते सोमवारको दिन यस हरिनास गाउँपालिकाको सातौ गाउँसभाको तेस्रो वैठक गाउँपालिकाका अध्यक्ष खिम नारायण मानन्धर ज्यू को अध्यक्षतामा, उपाध्यक्ष भन माया पराजुली ज्यू को विषेश उपस्थिति तथा तपशिलका सदस्यहरुको उपस्थितिमा वसि तपशिलका प्रस्तावहरुमाथी छलफल गरी तशिलका निर्णयहरु पारित गरियो :

उपस्थिति :

| क्र.सं. | पद | नाम, थर | ठेगाना | उपस्थितिको द.ख. | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | खिम नारायण मानन्धर | हरिनास- ६ | | |
| २. | उपाध्यक्ष | भन माया पराजुली | हरिनास- ३ | | |
| ३. | सदस्य | भिम बहादुर भुजेल | हरिनास- १ | | |
| ४. | सदस्य | रोम वहादुर खाती | हरिनास- १ | | |
| ५. | सदस्य | सावित्री मानन्धर | हरिनास- १ | | |
| ६. | सदस्य | हिरा कुमारी सुनार | हरिनास- १ | | |
| ७. | सदस्य | खिम वहादुर गुरुङ | हरिनास- १ | | |
| ८. | सदस्य | पर्शुराम सिग्देल | हरिनस- २ | | |
| ९. | सदस्य | मन वहादुर राना | हरिनस- २ | | |
| १०. | सदस्य | हिम माया थापा | हरिनस- २ | | |
| ११. | सदस्य | लालु माया सार्की | हरिनस- २ | | |
| १२. | सदस्य | डम्वर वहदुर थापा | हरिनस- २ | | |
| १३. | सदस्य | लेख बहादरु क्षेत्री | हरिनास- ३ | | |
| १४. | सदस्य | पदम वहादुर अर्याल | हरिनास- ३ | | |
| १५. | सदस्य | शान्ति भूजेल | हरिनास- ३ | | |
| १६. | सदस्य | उजेली नेपाली दर्जी | हरिनास- ३ | | |
| १७. | सदस्य | प्रकाश पाध्या | हरिनास- ३ | | |
| १८. | सदस्य | चिन्ता मणि शर्मा | हरिनास- ४ | | |
| १९. | सदस्य | जय बहादुर थापा | हरिनास- ४ | | |
| २०. | सदस्य | भ माया थापा | हरिनास- ४ | | |
| २१. | सदस्य | रेखा वि.क. | हरिनास- ४ | | |
| २२. | सदस्य | पहल सिं राना | हरिनास- ४ | | |
| २३. | सदस्य | डण्ड वहादुर राना | हरिनास-५ | | |
| २४. | सदस्य | रेश बहादुर क्षेत्री | हरिनास-५ | | |
| २५. | सदस्य | कलावती लम्साल | हरिनास-५ | | |
| २६. | सदस्य | गिता सार्की | हरिनास-५ | | |
| २७. | सदस्य | नम नारायण मानन्धर | हरिनास-५ | | |
| २८. | सदस्य | सुरज वहादर नेपाली | हरिनास-५ | | |
| २९. | सदस्य | नर बहादुर थापा | हरिनास-६ | | |
| ३०. | सदस्य | जिव नारायण मानन्धर | हरिनास-६ | | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३१. | सदस्य | रेनु थापा | हरिनास-६ | | |
| ३२. | सदस्य | मनी कुमारी दमै | हरिनास-६ | | |
| ३३. | सदस्य | शिवु राना | हरिनास-६ | | |
| ३४. | सदस्य | महेन्द्रा गोतामे | हरिनास-६ | | |
| ३५. | सदस्य | केश माया थापा | हरिनास-७ | | |
| ३६. | सदस्य | ऋषिराम लम्साल | हरिनास-७ | | |
| ३७. | सदस्य | धन माया राना | हरिनास-७ | | |
| ३८. | सदस्य | मिना विश्वकर्मा | हरिनास-७ | | |
| ३९. | सदस्य सचिव | पर्शुराम उपाध्याय | प्र.प्र. अधिकृत | | |

कर्मचारीहरुको उपस्थिति :

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | ठेगाना | कर्मचारीको द.ख. | कैफियत |
|---|---|---|---|---|---|
| १. | अधिकृत | विदुर सिग्देल | हरिनास गा.पा. | | |
| २. | " | महेश्वर अर्याल | " | | |
| ३. | " | सन्तोष शर्मा वाग्ले | " | | |
| ४. | " | भूपराज पाण्डेय | " | | |
| ५. | प्र. पाँचौं | नील बहादुर थापा | " | | |
| ६. | " " | लालचन्द गोहे | " | | |
| ७. | " " | इन्दिरा चौपाने | " | | |
| ८. | " | नरेन्द्र लम्साल | " | | |
| ९ | " | लक्ष्मी कार्की | " | Laxmi | |
| १०. | " | दिपक लामिछाने | " | | |
| ११. | | विनिता पौडेल | " | | |
| १२. | प्र. चौथो | ध्रुवमाया थापा | " | | |
| १३. | अधिकृत | [illegible] थकाली | " | | |
| १४. | अमिन | सन्दिप सिग्देल | " | | |
| १५ | क.अ. | प्रदीप [illegible] | " | | |
| १६. | ह.स. | वन्दना गुरुङ | " | | |
| १७ | ना.प्र.स. | जैलाल [illegible] | " | | |
| १८ | हि.चौ. | पवन कोल | " | | |
| १९. | " | इमान हिङ्गुडे | " | | |
| २० | " | तिलक चोलागाई | " | | |
| २१. | सब.ई. | नितेश ठाकुर | " | | |
| २२. | अ.स.ई. | रामनकुमार चौधरी | " | | |
| २३. | ह.स. | नन्द बहादुर थापा | " | | |
| २४. | का.स. | हरि बहादुर राना | " | | |
| २५ | अप.अ.इ. | महेन्द्र पौडेल | " | | |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौको मिति २०७७/५/२३ गतेको प्राप्त पत्रानुसार यस हरिनास गाउँपालिका भित्र कोभीड -१९ अस्थायी अस्पताल स्थापना यसै गाउपालिका भित्रको क्याक्मी स्वास्थ्य चौकीमा स्थापना गर्ने निर्णय गरियो । साथै स्थानिय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन २०७७ बमोजिमका उपकरणहरु समेत खरिद गरी उक्त अस्पताल संचालनका लागी तोकिए बमोजिमका मेअ पद एक स्टाफ नर्स २ र कार्यालय सहयोगी पद संख्या एक करार प्रकृयाबाट बिज्ञापन गर्ने र आवश्यक मापदण्ड अनुसारमा भौतिक सामाग्री खरिद गर्ने

निर्णय नं. २

निर्णय नं २ माथि छलफल गर्दा यस गाउँ पालिकामा संचालन हुने पूजिगत तर्फका योजनाहरुको कन्टेजेन्टेन्सी रकम ३ प्रतिशतका दरले कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं ३ माथि छलफल गर्दा यस कार्यालय प्रयोजनका लागी आवश्यक पर्ने फर्निचर सामाग्रीहरु खरिद इकाइबाट लागत तयार पारी गाउसभाबाट अनुमोदन गरि गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णयनं. ४ मा छलफल गर्दा यस हरिनास गाउपालिका कार्यालय वार्ड नं. ४ को चुलीडाडामा रहेको र कार्यालय वरिपरि कुनै व्यक्ति वा संस्थाको नाममा पसल दोकान संचालन भइ नसकेकोले अर्को व्यवस्था नहुदा सम्मका लागी कार्यालयमा कार्यरत कर्मचारीहरु दिउसोको खाजा / खाना पसल दोकान भएको ठाउँमा जान करिब १ घण्टा जति लाग्ने हुनाले कार्यालय का कर्मचारीहरु र कार्यालय संगै जोडिएको प्रहरी चौकी एवं आगन्तुक समेतका लागी दिउसोको खाजाको व्यवस्था हुन आवश्यक भएको हुँदा लाग्ने प्रति महिना न्यूनतम रु ३००००/- तिसहजार रकम चालु खर्चको बिबिध शिर्षकबाट भुक्तानी हुने र तिसहजार भन्दा बढी खर्च हुन गएमा कार्यपालिकाको बैठकबाट अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।साथै सभा संचालनका लागी सभा संचालन खर्च शिर्षकबाट खर्च गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. ५

निर्णयनं. ५ मा छलफल गर्दा आ.ब. २०७७/०७८ मा संचालन हुने योजनाहरुका सम्वन्धमा उपभोक्ताहरुको सहभागीताको रकम गाउपालिका कार्यालयको संचितकोषमा नगदै जम्मा गर्नका लागी स्थानिय बासिन्दाहरु त्यति सक्षम नदेखिएको भनि सम्वन्धित वार्ड कार्यालयहरुबाट अनुरोध भइ आएकोले सो सम्वन्धमा पालिका स्तरिय वा वार्ड स्तरिय योजनाहरु संचालन हुदा जनसहभागीलाइ नगद रुपैया जम्मा गर्न कठिनाइ पर्न सक्ने हुँदा तोकिएका योजनाहरु उपभोक्ता समिति गठन भइ कार्य प्रारम्भबाट कम्तिमा पनि लागत अनुमानको १० प्रतिशतका दरले श्रमदानलाइ नै जनसहभागी गराउने निर्णय गरियो ।

निर्णय नं. ६

निर्णय नं. ६ मा छलफल गर्दा आ.ब. २०७५/०७६ मा तत्कालिन अवस्थामा कार्यालय संचालन गर्नु पर्ने र स्याङजा जिल्लाको अति बिकट स्थानमा गाउपालिकाको सदरमुकाम स्थापना भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही कार्यालय संचालनका लागी प्रशासकिय भवन निर्माण गर्न अति आवश्यक रहेको हुँदा बोलपत्रको माध्यमबाट भवन बनाउनका लागी प्रकृया लामो रहने र तत्काल जनसमुदायलाइ सेवा प्रदान गर्नु पर्ने बाध्यता समेत रहेको हुँदा र कार्यालयमा कार्यरत कर्मचारीहरु समेतले स्थानियको घरमा आवस सुविधा प्राप्त गर्न सक्ने अवस्था समेत नरहेको यस्तो अवस्थामा स्थानिय उपभोक्ता समिति गठन गरी प्रशासकिय भवन र कर्मचारी आवस सुविधा बनाउन अति आवश्यक समेत रहेकोले उक्त कार्यका लागी कार्य शुरु भइ अन्तिम अवस्थामा समेत रहेको आ.ब. २०७६/०७७ मा

Scanned with CamScanner

अन्तिम लेखा परिक्षण हुदा प्रतिवेदनको पाना १५ को ख मा जटिल प्राविधिक बिषय तथा रोजगारी सृजना नहुने कार्य उपभोक्ता समितिबाट गराएको भनी सार्वजनिक खरिद नियमावली २०६४ को दफा ४४ मा काममा मितव्ययी गुणस्तरीय रोजगारी सृजना गर्न तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा जटिल प्रकृतिको कार्य उपभोक्ता मार्फत गराउन नहुने उल्लेख छ । यस कार्यालयले उपभोक्ता समिति मार्फत जनश्रमदान नलिने गरी गराएको छ डिपवेल जस्तो जटिल प्राविधिक पक्ष समावेश भएको कार्य र गाउपालिका भवन तथा आवस गृह जस्तो लाभग्राही समुदायलाइ हस्तान्तरण नहुने कार्य उपभोक्ता समिति मार्फत गराउने कार्य कानूनतः मिल्ने देखिदैन । साथै यस्ता कार्यहरु उपभोक्ता समिति मार्फत गराउदा प्रतिस्पर्धा नहुदा मितव्ययि नहुने प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी सृजना नहुने अवस्था देखादा यसरी गरेको कार्य ऐनको उद्श्ये प्रतिकुल देखिन्छ । ऐन तथा नियमको प्रतिकुल हुने गरी कार्य गर्ने लाइ जिम्मेवारी बनाउनु पर्दछ भनी मलेप प्रतिवेदन पेश भएको , प्रतिवेदनमा उल्लेखित कुरा नियमानुसार रहेको र भौगोलिक संरचना कार्यालयका भौतिक सामाग्रीहरुको सुरक्षा कर्मचारीहरुको सुरक्षा समेतका बिषयलाइ मध्येनजर राखी तत्तकालिन अवस्थामा छिटो छरितो कार्य सम्पन्न गर्नका लागी सार्वजनिक खरिद ऐन तथा नियमावली को परिधि भित्र रही उपभोक्ता समिति गठन गरी कार्य प्रारम्भ भइ सम्पन्नको अवस्थामा रहेकोले र कार्य प्रारम्भहुँदा लिएको पेश्की रकम समेत फर्छ्यौट भइ सकेको र प्राविधिकबाट तयार पारीएको जाँचपासका आधारमा अन्तिम बिल भुक्तानीका लागी निर्णय गरियो । साथै यस निर्णयलाइ अनुमोदनका लागी गाउसभामा पेश गर्ने र मलेप प्रतिवेदनमा जनाइएको शब्दहरुलाइ आगामी दिनहरुमा पूर्णरुपमा लागु गर्न र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ लाइ समेत पूर्ण लागु गरिने समेत निर्णय गरियो ।

निर्णय नं. ७

निर्णय नं. ७ मा छलफल गर्दा आ.ब. २०७७/०७८मा हरिनास गाउपालिका वडा नं. ६ क्यक्मी स्वास्थ्य चौकी देखि वार्ड नं. ५ गाइखर्क कलवा जोडने झोलुङगे पुल निर्माणका लागी सम्वन्धित निकायमा आवश्यक कारवाइका लागी पत्रचार गर्ने निर्णय गरियो । साथै यसै गाउपालिकाको वार्ड नं. ६ को राजडाडा देखि क्यक्मी स्वास्थ्य चौकी जोडने झोलुङगे पुल निर्माणका लागी समेत पत्रचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. ८ मा छलफल गर्दा २०७६ श्रावण देखि २०७७ अषाढ मसान्त सम्म गाउकार्यपालिकाबाट भएका निर्णयहरुलाइ अनुमोदनका गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

निर्णय नं. ९ मा छलफल गर्दा आ.ब. २०७६/०७७ मा सम्पन्न भएका चालु तथा पूजिगत तर्फका योजना /कार्यक्रम र २०७७/०७८ का लागी ससर्त तर्फ बिनियोजन भइ आएका कार्यक्रमहरुलाइ नेपाल सरकारको ऐन नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

निर्णय नं. १० मा छलफल हुदाँ आ.ब. २०७६/०७७ मा सम्पन्न हुन नसकि क्रमागत योजनाहरुमा परेका तपशिलका योजनाहरुको २०७७ पौष मसान्त सम्म म्याद थप गरी भुक्तानीका प्रकृयामा गर्ने निर्णय गरियो ।

तपशिलः

क- गाउपालिका प्रशासकिय भवन
ख- कर्मचारी आवश गृह
ग- चिसापानी पक्कि पुल
घ- पुर्कोट भ्यू टावर
ङ- पालिका भित्र संचालनमा वास प्लान अन्तरगत प्राथमिकता क्रममा परि निर्माणधिन खानेपानी योजनाहरु
च पालिका कम्पाउण्डवाल

निर्णय नं. ११

निर्णय नं. ११ मा छलफल गर्दा , महालेखा परीक्षकको कार्यालयद्वरा आ.ब. २०७६/०७७ को लेखापरिक्षण प्रतिवेदनको पाना १५ बुदा नं. ४६ मा परामर्श सेवाको खर्च रकम ५२८५३१२/- नियम बिपरित भुक्तानि भएको भनी उल्लेख गरिएतापनि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा रु २० लाख सम्मको परामर्श सेवा मौजुदा सूचीबाटै लिन सकिने व्यवस्था भएको हुँदा र उक्त आ.ब. को परामर्श सेवाहरु बिशुद्ध रुपमा फरक फरक बिषय बस्तु र कार्य प्रकृति फरक भएकोले परामर्श सेवा मौजुदा सूचीबाटै प्रतिष्पर्धा गराइ नेपाल सरकारको दररेट बमोजिम खर्च लेखिएको एवं उक्त खर्चरकमले कार्यालयमा कुनै आर्थिक नोक्सानी तथा हिनामिना नभएको हुँदा उक्त रकमलाइ नियमित गर्ने निर्णय गरि उक्त निर्णयको प्रतिलिपि महालेखा परिक्षकको बिभाग काठमाण्डौमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ११

निर्णय नं. ११ मा छलफल गर्दा यस गाउँपालिका भित्र वार्ड नं. १सालडाडा ,वार्ड न ६ क्याक्मी र वार्डनं. ७ कोइराला मात्र दैनिक भ्रमण खर्च लेख सकिने अवस्था रहेकोमा साविकको चिन्नेवास मग्याम चिसापानी गाउ बिकास समितिहरु यस कार्यालयको केन्द्र बिन्दु देखि धेरै टाढा रहेको हुँदा कार्यालयको काम बिशेषले प्रमुख प्रशासकिय अधिकृतको आदेशनुसार कार्यसम्पादन गर्न जादा प्रति दिन रु ८००/ मा नियमानुसार कर कटाइ अतिरिक्त भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. १२

निर्णय नं १२ माथि छलफल गर्दा बिश्वभर फैलिएको कोभीड १९ को संक्रमित हुन सक्ने तथा संक्रमित जिल्ला वा बिदेशबाट यस गाउँपालिकामा प्रवेश गर्ने व्यक्तिहरुलाइ गाउपालिकाको क्वारेण्टाइन तथा सम्वन्धित वडा कार्यालयमा राखु पर्ने र रोगको जोखिम न्यूनिकरण गर्न आवश्यक समेत पर्ने हुँदा वडा वडा कार्यालयहरुमा सम्वन्धित वडाध्यक्षको निगरानीमा क्वारेण्टाइनमा राखिएका व्यक्तिहरुलाइ प्रति व्यक्ति रु ५०००/- का दरले दिने नेपाल सरकारको निर्णय भए बमोजिम भुक्तानि लिइ नसकेका सम्वन्धित वडाका वडाध्यक्षले क्वारेण्टाइनमा बसेका व्यक्तिहरुको भरपाइ एवं बिल भरपाइ गाउपालिकामा पेश गरेको अवस्थामा उक्त रकम भुक्तानी गर्ने र गाउँपालिका कार्यालयको क्वारेन्टाइनमा स्वदेशको जोखिम ठाउँबाट र बिदेशबाट आएका व्यक्तिहरुलाइ क्वारेन्टाइनमा रही पिसिआर चेक जाँच गरी नेगेटिभ रिपोर्ट आएपश्चात आ आफनो घरमा फिर्ता नपठाउन्जेल सम्मका लागी पालिका बाट खाना बस्ने व्यवस्था भएको र खाना खाजा समेतको रकम एकमुष्ट बुझाउनु पर्ने यस पालिका भित्र कुनै पसल दोकानमा मु.अ.क.मा दर्ता नभएको हुँदा स्थायी लेखा नम्बर लिएका पसललाइ बिल अनुसारको रकम भुक्तानी गर्ने साथै क्वारेण्टाइनमा व्यक्तिलाइ लाने र ल्याउने गरेको सवारी दुइ वटा सवारी जीप लकडाउन पश्चात भाडामा संचालन भएकोले उक्त सवारी साधनहरुलाइ करार सम्झौतानुसार भएको रकम समेत भुक्तानी दिने निर्णय समेत गरियो ।

निर्णय नं. १२

निर्णय नं १२ माथि छलफल गर्दा निम्न कार्य सम्पन्न गर्नका लागी गाउसभामा बाट स्वीकृत गर्ने निर्णय गरियो

क-लैंङगिक हिंसा निवारण कोष २०७७

ख-हरिनास गाउपालिकाको कृषक/ पशु पालन समुह दर्ता तथा नविकरण कार्यविधि २०७७

ख- आ.ब. ०७७/०७८ का लागी स्थानिय दररेट पास सम्वन्धमा।

निर्णय नं. १३

निर्णय नं. १३ मा छलफल गर्दा सबै प्रकारका दर्ता / नविकरण शुल्क १००० भएकोमा नविकरण रु ५००,सबै प्रकारका शुल्क रु ५०० को सट्टामा ३००, अंग्रेजी अनुवाद रु ५०० र घ बर्गको व्यवसायीक इजाजत नविकरण रु ३०००/ बिलम्ब शुल्क रु ५०० प्रति महिना कायम गरी आर्थिक बिधेयक २०७७ संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

निर्णय नं. १४ मा छलफल गर्दा आ.ब. २०७६/०७७ मा खर्च रकमलाइ अनुमोदन गर्ने आ.ब. २०७७/०७८ को योजना तथा कार्यक्रम पुजिगत / चालु बजेट खर्च गर्नका लागी प्रमुख प्रशासकीय अधिकृत लाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(शिव नारायण मानन्धर)
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. १४

निर्णय नं. १४ मा छलफल गर्दा यस गाउँपालिकाबाट विगत बर्षहरुमा जारी गरिएको ऐन कार्यविधि नियम हरु यसबर्ष पनि सोही अनुसार हुने गरी जारी भएका ऐन कानून कार्यविधि नियमहरुलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner